# ब्रिसवेन सम्मेलन सहभागिताको समीक्षा

काठमाडौं, असोज १४

अष्ट्रेलियाको ब्रिसवेनमा गत असोज ३ देखि ६ गतेसम्म आयोजना भएको Asia-Pacific Ministerial Conference on Disaster Risk Reduction (APMCDRR 2022) मा नेपालको सहभागिता तथा सम्मेलनको मुख्य सन्देशहरुको समीक्षा गरिएको छ ।

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्च ( NPDRR) को आयोजनामा भएको समीक्षात्मक छलफलमा सहभागीले सम्मेलनपूर्व गरिएका बैठक तथा छलफलको परिणामस्वरुप सम्मेलनमा नेपालको सहभागिता उत्साहजनक र प्रभावकारी रहेको बताउनुभयो ।




सम्मेलनबाट एसिया प्रशान्त क्षेत्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सन्दर्भहरुको जानकारी लिन तथा आगामी बाटो तय गर्न ठूलो सहयोग मिलेको र आगामी दिनमा यस्ता मञ्चहरुमा नेपालका सफल अभ्यासहरुलाई व्यवस्थित रुपमा लैजानु पर्ने सहभागीहरुको धारणा थियो ।

सहभागीहरुले नेपाल जलवायु परिवर्तनका कारण उत्पन्न हुने विपद्को उच्च जोखिममा रहेकोले आगामी दिनमा यस्ता अन्तर्राष्ट्रिय मञ्चहरुमा यी विषयहरु अझ प्रभावकारी ढंगले एकीकृत रुपमा उठाउनुपर्ने सुझाव पनि दिनुभयो ।

कार्यमञ्चका अध्यक्ष एवं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले सम्मेलन आयोजनाका क्रममा अस्ट्रेलियाले रैथाने समुदाय तथा तिनको ज्ञानलाई असाध्यै महत्व दिएको दृष्टान्त राख्दै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय तहको सहभागिता पनि अनुकरणीय रहेको बताउनुभयो ।

पोखरेलले अस्ट्रेलियाका विपद् सम्बन्धी अधिकारीसँगको भेटका क्रममा उनीहरुले आगलागी, वन डढेला र बाढी नियन्त्रणमा गरेका उदाहरणीय अनुभव तथा सहयोग नेपालमा ल्याउने विषयमा गहन छलफल भएको पनि जानकारी दिनुभयो ।



गृह मन्त्रालयको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखा प्रमुख प्रदीप कोइरालाले सम्मेलनको आधिकारिक घोषणापत्रमा नेपालले उठाएका विषयवस्तु पनि समावेश भएको जानकारी दिंदै सम्मेलनले विपद् व्यस्थापनका क्रममा खाद्य आपूर्ति श्रृंखला तथा गुणस्तरमा ध्यान दिनुपर्ने पक्षलाई पनि जोड दिएको उल्लेख गर्नुभयो ।

सम्मेलनमा नेपालका तर्फबाट सरकारी, गैरसरकारी तथा व्यक्तिगत तवरबाट करिव पाँच दर्जनको सहभागिता रहेको थियो ।

समीक्षा कार्यक्रममा सम्मेलनमा सहभागिता जनाएका सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधि एवं यस क्षेत्रमा काम गरिरहेका तर सम्मेलनमा सहभागी नभएका विज्ञहरुको उपस्थिति थियो ।